नेपाल सरकार

गृह मन्त्रालय

# श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय, हलचोक, काठमाण्डौं ।

## शिलवन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०६५/०८/१५ गते ।

सशस्त्र प्रहरी बल प्रधान कार्यालय अन्तर्गत निम्न कार्यालयहरुमा यसै आ.ब.०६५/०६६ मा हुने निम्नानुसारका निर्माण कार्यहरु शिलबन्दी बोलपत्रको माध्यमबाट सम्पन्न गर्नु पर्ने भएको हुंदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

**तपसिल**

१) शिलवन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन कार्यालय समय सम्म चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी सम्वन्धित सशस्त्र प्रहरी बल कार्यालयहरु तथा सम्वन्धित जिल्लाका जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्र कागजात सम्वन्धि पुस्तिकाहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० वजे सम्ममा सम्वन्धित सशस्त्र प्रहरी वल कार्यालयहरुको नाममा सम्बोधन गरी कामको विवरण, बोलपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी सम्वन्धित सशस्त्र प्रहरी वल कार्यालयहरुमा मात्र दर्ता गराउनु पर्नेछ ।

२) सम्वन्धित कार्यालयहरुबाट विक्रि भएका बोलपत्र कागजात सम्बन्धी पुस्तिकामा भर्नु पर्ने सम्पूर्ण पानाहरु भरी पेश गर्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १४:०० बजे गठित मुल्याङ्कन समिति, सरकारी प्रतिनिधीहरु र बोलपत्रदाता वा निजका प्रतिनिधीहरुको रोहवरमा सम्बन्धित कार्यालयहरुको हाता भित्र खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३) बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४) शिलवन्दी बोलपत्रसाथ जमानत वापत कबोल अंकको २.५% रकम सम्वन्धित सशस्त्र प्रहरी वल कार्यालयहरुको धरौटी खाताहरुमा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट सम्वन्धित सशस्त्र प्रहरी वल कार्यालयहरुको नाउँमा जारी भएको बोलपत्र जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट १२० दिनसम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५) बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्रमा आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा बोलपत्रदाताको सही छाप भएको हुनु पर्नेछ ।

६) निम्न उल्लेखित तालिकाको सि.न.१,५,६,७ को कार्यालयहरु अन्तर्गतका निर्माण कार्यहरुको हकमा टर्न ओभर, कार्यअनुभव, जनशक्ति, संयुक्त उपक्रम, उपकरण एवं अर्थिक पक्षहरु बोलपत्र कागजात सम्वन्धि पुस्तिकामा उल्लेख भए अनुसार पेश गर्नु पर्ने छ ।

७) बोलपत्र सम्बन्धी अन्य कुनै कुरा वुझ्नु परेमा सशस्त्र प्रहरी वल प्रधान कार्यालय, मद्दती तथा सेवा निर्देशनालय तथा सम्वन्धित सशस्त्र प्रहरी वल कार्यालयहरुमा सर्म्पक राख्न सकिने छ ।

८) नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचिमा समावेस गर्न सम्बन्धीत निकायमा सिफारिस गर्न सकिनेछ ।

९) म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेश भएको बोलपत्रहरु मान्य हुने छैन ।

१०) बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफ्नै खर्च र जिम्मेवारीमा कामको स्थलगत भ्रमण गरी कामको वारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ ।

११) बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्वन्धित सशस्त्र प्रहरी वल कार्यालयहरुमा निहित रहनेछ ।

१२) यस सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम हुनेछ ।

१३) सार्वजनिक खरिद अनुगमन कार्यालयको Website : www.bolpatra.gov.np मा समेत उपलब्ध छ ।

**निम्न** : -

| सि.नं. | कार्यालयको नाम / स्थान | कामको विवरण/निर्माण स्थल | स्वीकृत ल.ई. (भ्याट र कन्टिन्जेन्सी बाहेक) रु. | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | सशस्त्र प्रहरी बल उपत्यका सुरक्षा गण, सिनामंगल, काठमाण्डौ । | ब्यारेक, मेश, शौचालय तथा अन्य सिभिल निर्माण कार्यहरु, सिनामंगल, काठमाण्डौ । | - | ३,०००।- |
| २ | सशस्त्र प्रहरी वल विन्ध्यावासिनी गण चन्द्रौटा, कपिलबस्तु । | महिला ब्यारेक, मेश, शौचालय, वाउण्ड्रीवाल तथा अन्य सिभिल निर्माण कार्यहरु, चन्द्रौटा, कपिलबस्तु । | रु.४९,२०,५२३।३६ | १,०००।- |
| ३ | सशस्त्र प्रहरी बल बागेश्वरी गण, शम्सेरगंज बांके । | महिला ब्यारेक, मेश, शौचालय, वाउण्ड्रीवाल तथा अन्य सिभिल निर्माण कार्यहरु, शम्सेरगंज बांके । | रु.४६,४८,०९१।८४ | १,०००।- |
| ४ | सशस्त्र प्रहरी बल बडिमालीका गण, बनबेहडा कैलाली । | महिला ब्यारेक, मेश, शौचालय, बाउड्रीवाल तथा अन्य सिभिल निर्माण कार्यहरु, बनबेहडा कैलाली । | रु.४९,८२,८७२।५७ | १,०००।- |
| ५ | सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय, रौतहट । | कार्यालय भवन, क्वार्टर गार्ड, ब्यारेक, मेश, शौचालय तथा अन्य सिभिल निर्माण कार्यहरु, रौतहट । | - | ३,०००।- |
| ६ | सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय, रुपन्देही । | कार्यालय भवन, क्वार्टर गार्ड, ब्यारेक, मेश, शौचालय तथा अन्य सिभिल निर्माण कार्यहरु, रुपन्देही । | - | ३,०००।- |
| ७ | सशस्त्र प्रहरी बल सिमा सुरक्षा कार्यालय, कैलाली । | कार्यालय भवन, क्वार्टर गार्ड, ब्यारेक, मेश, शौचालय तथा अन्य सिभिल निर्माण कार्यहरु, कैलाली । | - | ३,०००।- |